# धर्मदेवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्चंर, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल


प.सं. :- २०८२/८३

च.नं. :-

## आर्थिक वर्ष २०८२/०८३ को अन्तिम अवधिमा सेवा प्रवाहसम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८३/३/१९**

आर्थिक वर्ष २०८२/८३ को अन्त्य नजिकिएको तथा चालु आर्थिक वर्षभित्र सम्पादन गर्नुपर्ने भुक्तानी सम्बन्धी कार्यहरू समयमै सम्पन्न गर्नुपर्ने भएकाले सेवाग्राहीको सुविधा तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले यस धर्मदेवी नगरपालिकाबाट मिति २०८३/३/२० गते शनिबार र मिति २०८३/३/२१ गते आइतबारको सार्वजनिक बिदाका दिन समेत भुक्तानी सम्बन्धी सेवा प्रवाह निरन्तर सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस नगरपालिकाबाट भुक्तानी लिनुपर्ने, भुक्तानीसँग सम्बन्धित कागजात पेश गर्नुपर्ने वा भुक्तानी प्रक्रियासँग सम्बन्धित अन्य आवश्यक कार्य सम्पन्न गर्नुपर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक तथा अन्य सरोकारवालाहरूले आफ्नो भुक्तानीसँग सम्बन्धित सम्पूर्ण आवश्यक कागजातसहित कार्यालयमा उपस्थित भई सेवा लिनुहुन अनुरोध गरिन्छ।

साथै, आर्थिक वर्ष २०८२/८३ भित्रै भुक्तानी सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न आवश्यक सहयोग पुग्ने भएकाले सम्बन्धित सबैले आफ्नो भुक्तानीसँग सम्बन्धित आवश्यक कागजात यथाशीघ्र कार्यालयमा पेश गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ।

प्रकाश गुरुङ्ग

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

१. भुक्तानीसँग सम्बन्धित सम्पूर्ण शाखाका कर्मचारीहरुः उल्लिखित सूचनाको अवधिमा भुक्तानीसँग सम्बन्धित सेवा प्रवाहको कामकाज गर्नुहुन।


फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np





Scanned with CamScanner